जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९
जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९
"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ
Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक १९१ | २०८२ साल फागुन १२ गते मंगलवार | Tuesday-24-February-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## रामकिशोर यादवको राजनीतिक यू-टर्न : पराजय, बगावत र पुनः पार्टीको शरण

*शु.आ. सम्बाददाता*
*बारा, ११ फागुन*



राष्ट्रिय जनता पार्टीबाट २०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा बारा क्षेत्र नम्बर १ बाट पराजित भएका रामकिशोर यादवको राजनीतिक यात्राले स्थानीयस्तरमा गम्भीर प्रश्न जन्माएको छ।
२०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा उनले जनता समाजवादी पार्टीका आधिकारिक उम्मेदवार रामसहाय यादवलाई पराजित गराउने उद्देश्यसहित बारा क्षेत्र नम्बर २ बाट स्वतन्त्र उम्मेदवारी दिएका थिए। उक्त निर्वाचनमा रामसहाय यादव विजयी भई पछि उपराष्ट्रपति बनेसँगै बारा-२ मा २०८० वैशाखमा उपनिर्वाचन भयो। तर यही उपनिर्वाचनमा २०७९ मा बागी बनेर जसपाविरुद्ध उभिएका रामकिशोर यादवले अप्रत्याशित रूपमा जसपाकै केन्द्रीय अध्यक्ष उपेन्द्र यादवलाई विजयी गराउन सक्रिय भूमिका खेलेको स्थानीय राजनीतिक वृत्तको दाबी छ।
दुई पटक प्रतिनिधिसभा निर्वाचनमा पराजित भइसकेका र एकपटक आफ्नै पार्टीविरुद्ध बगावत गरेका यादवले अचानक पार्टी अध्यक्षको जित सुनिश्चित गर्न सहयोग गर्नु र अब फेरि आगामी निर्वाचनमा जसपाकै तर्फबाट बारा-२ मा उम्मेदवारी दिनु राजनीतिक स्वार्थ, अवसरवाद र सत्ताकेन्द्रित सोचको स्पष्ट उदाहरण भएको स्थानीयहरूको भनाइ छ।
स्थानीय बासिन्दाहरूका अनुसार, "हिजो पार्टीविरुद्ध लड्ने, आज पार्टी अध्यक्षको जितका लागि खटिने र भोलि फेरि पार्टीको टिकट माग्ने व्यवहारले रामकिशोर यादवको राजनीतिक छवि पूर्ण रूपमा उदाङ्गिएको छ।" उनीहरू भन्छन्, यस्तो दोहोरो चरित्रले न त पार्टीलाई फाइदा पुऱ्याउँछ, न त मतदाताको विश्वास कायम रहन्छ।
राजनीतिमा विचार, निष्ठा र स्थायित्वको चर्चा गरिरहँदा बारा-२ मा देखिएको यो घटनाक्रमले स्थानीय राजनीति कति स्वार्थ-केन्द्रित र अस्थिर बन्दै गएको छ भन्ने स्पष्ट संकेत दिएको विश्लेषकहरूको ठम्याइ छ।

## रौतहटको सबगढा घटनाः वडाध्यक्ष सहित २२ जना विरुद्ध मुद्दा दर्ता, सूक्ष्म अनुसन्धान सुरु

शु. आ. सम्बाददाता
रौतहट, ११ फागुन



रौतहटको गौर नगरपालिकास्थित सबगढामा साम्प्रदायिक सद्भाव बिथोल्ने गरी भएको हिंसात्मक घटनामा संलग्न रहेको आरोपमा प्रहरीले २२ जना विरुद्ध कानुनी कारबाही अगाडि बढाएको छ। जिल्ला प्रहरी कार्यालय रौतहटले आपराधिक उपद्रोह तथा आगजनी कसुरमा मुद्दा दर्ता गरी घटनाको सूक्ष्म अनुसन्धान सुरु गरेको हो।

### वडाध्यक्ष र जिल्ला इन्चार्ज सर्तसहित रिहा

प्रहरीले सोही घटनाको सिलसिलामा नियन्त्रणमा लिएका गौर नगरपालिका वडा नम्बर ६ का वर्तमान वडाध्यक्ष अवधविहारी साह र पूर्व वडाध्यक्ष एवं जनमत पार्टीका जिल्ला इन्चार्ज शेख जमशैदलाई भने जिम्मा जमानीमा रिहा गरीएको हो।
जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक विष्णुप्रदीप वस्यालका अनुसार उनीहरूलाई अनुसन्धानको क्रममा आवश्यक परेको बखत उपस्थित गराउने शर्तमा छाडिएको हो।
शनिबार सबगढामा भएको घटनालाई थप उत्तेजित बनाएको र भौतिक तोडफोडमा संलग्न रहेको आरोपमा प्रहरीले थप दुई जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा शुभनारायण साह र समिर मियाँ रहेका छन्। योसँगै उक्त मुद्दामा प्रतिवादीको संख्या २२ पुगेको हो।
अनुसन्धानलाई प्रविधिमैत्री र प्रभावकारी बनाउन प्रहरीले विशेष कदम चालेको छ। जिम्मा जमानीमा छुटेका वडाध्यक्ष साह र इन्चार्ज जमशैद सहित तीन जनाको मोबाइल फोन प्रहरीले नियन्त्रणमा लिएको छ। नियन्त्रणमा लिइएका मोबाइलहरू परीक्षणका लागि काठमाडौं पठाइने भएको छ। मोबाइल परीक्षणको रिपोर्टमा घटनामा संलग्नता पुष्टि हुने वा दोषी ठहर हुने खालका प्रमाणहरू फेला परेमा उनीहरूलाई तत्काल नियन्त्रणमा लिएर थप कारबाही प्रक्रिया अगाडि बढाइनेछ, डीएसपी वस्यालले जानकारी दिए।
सबगढा घटनापछि उत्पन्न हुनसक्ने थप तनावलाई मध्यनजर गर्दै सुरक्षा निकायले विशेष सतर्कता अपनाएको हो। प्रहरीले घटनामा संलग्न भई फरार रहेका अन्य व्यक्तिहरूको पहिचान र खोजी कार्यलाई तीव्रता दिएको बताएको छ।
जिल्ला प्रशासन कार्यालय र प्रहरीले सामाजिक सञ्जाल वा अन्य माध्यमबाट भ्रम नफैलाउन र साम्प्रदायिक सद्भाव कायम राख्न सबै पक्षलाई आग्रह गरेको छ। शान्ति सुरक्षालाई सुदृढ बनाउन स्थानीय प्रशासनले संयमित रहन र कानुनी प्रक्रियामा सहयोग गर्न अपिल समेत गरीएको हो।

## वीरगंजमा कर्फ्यू हटाइयो, संवेदनशील क्षेत्रमा रात्रीकालीन निषेधाज्ञा लागू

*शु.आ. सम्बाददाता*
*वीरगंज, ११ फागुन*



जिल्ला प्रशासन कार्यालय पर्साले सोमबार बिहानदेखि लागू गरिएको कर्फ्यू आदेश साँझबाट हटाएको छ।
जिल्ला सुरक्षा समितिको निर्णयअनुसार सोमबार बिहान ९:४५ बजेदेखि लागू कर्फ्यू आदेश सोमबार बेलुका ४:३० बजेदेखि फिर्ता लिइएको प्रशासनले जानकारी दिएको छ।
प्रशासनका अनुसार पछिल्लो समय सुरक्षा अवस्था क्रमिक रूपमा सुधारोन्मुख देखिएको, साथै सर्वपक्षीय बैठकबाट शान्ति कायम राख्न सकिने निष्कर्षमा पुगिएकाले कर्फ्यूलाई निरन्तरता दिन आवश्यक नदेखिएको जानकारी दिईएको छ।तर, अवस्था पूर्ण रूपमा सामान्य भइनसकेको भन्दै वीरगंज महानगरपालिकाका केही संवेदनशील क्षेत्रमा भने आंशिक रूपमा निषेधाज्ञा जारी गरिएको छ।
प्रशासनले सोमबार बेलुका ६:०० बजेदेखि मँगलबार अर्थात् आज बिहान ८:०० बजेसम्म निषेधाज्ञा लागू हुने स्पष्ट गरेको छ।
निषेधाज्ञा अवधिमा कुनै पनि प्रकारका भेला, सभा, जुलुस, प्रदर्शन, धर्ना वा घेराउ गर्न पूर्ण रूपमा रोक लगाइएको छ। आदेश उल्लङ्घन गर्ने जो-कोहीलाई प्रचलित कानुनबमोजिम कडा कारबाही गरिने प्रशासनले चेतावनी दिएको छ। प्रशासनले तोकेको निषेधाज्ञा क्षेत्रको सीमाना अनुसार पूर्वः बाइपास रोड, पश्चिमः रानीघाट पुल ,उत्तरः पावरहाउस चोक, दक्षिणः घण्टाघर चोक सम्म निषेधाज्ञा लागू गरीएको छ।
जिल्ला प्रशासन कार्यालयले सबै राजनीतिक दल, सामाजिक तथा धार्मिक संघ-संस्था, नागरिक समाज र सर्वसाधारणलाई संयमता अपनाउन आग्रह गर्दै शान्ति-सुरक्षा कायम गर्न सहयोग गर्न अपिल गरेको छ। प्रशासनले अफवाह नफैलाउन र कुनै पनि उत्तेजक गतिविधिमा संलग्न नहुन सबै पक्षलाई सचेत गराएको छ।

## विकास र सुशासन केन्द्रमा : बारा-३ का लागि इन्जिनियर अरविन्द साहको प्रतिवद्धता

*शु.आ. सम्बाददाता*
*बारा, ११ फागुन*




बारा क्षेत्र नम्बर ३ को दीर्घकालीन विकासलाई लक्ष्य गर्दै प्रतिनिधिसभा सदस्य उम्मेदवार अरविन्द साहले आफ्नो चुनावी वाचा-पत्र सार्वजनिक गरेका छन्। राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट उम्मेदवार रहेका साहले स्थानीय समस्या समाधान र संघीय तहको नीतिगत सुधारलाई एकसाथ अघि बढाउने स्पष्ट खाका प्रस्तुत गरेका हुन्।
वाचा-पत्रमा कृषि, रोजगारी, पूर्वाधार, शिक्षा, स्वास्थ्य र डिजिटल शासनलाई विकासको आधार स्तम्भका रूपमा परिभाषित गरिएको छ। किसानलाई समयमै मल-बिउ उपलब्ध गराउने, सिँचाइ सुविधा विस्तार गर्ने र कृषि उत्पादनको उचित मूल्य सुनिश्चित गर्ने नीति अघि सारिएको छ। आधुनिक प्रविधिको प्रयोगमार्फत उत्पादन वृद्धि गरी कृषिलाई नाफामुखी बनाउने योजना पनि समेटिएको छ। युवा लक्षित कार्यक्रम अन्तर्गत स्वदेशमै रोजगारी सिर्जना गर्न सीपमूलक तालिम, स्टार्टअप सहयोग र साना तथा मझौला उद्यमलाई प्रोत्साहन गर्ने प्रतिवद्धता जनाइएको छ। डिजिटल अर्थतन्त्रलाई प्राथमिकतामा राख्दै वैदेशिक रोजगारीमा निर्भरता घटाउने रणनीति वाचा-पत्रमा उल्लेख गरिएको छ। पूर्वाधार विकासतर्फ गुणस्तरीय सडक, सुरक्षित खानेपानी, विद्युत् विस्तार तथा स्वास्थ्य र शैक्षिक संस्थाको स्तरोन्नतिलाई प्राथमिकतामा राखिएको छ। संघीय बजेटमार्फत दीर्घकालीन आयोजना सञ्चालन गरी त्यसको पारदर्शी अनुगमन गरिने उल्लेख छ। त्यसैगरी, डिजिटल शासन प्रणालीमार्फत सरकारी सेवा सरल, छिटो र नागरिकमैत्री बनाउने योजना प्रस्तुत गरिएको छ। अनलाइन सेवा विस्तार र डेटा-आधारित योजना प्रणालीलाई सुशासनको आधारका रूपमा अघि सारिएको छ।
सामाजिक क्षेत्रमा महिला सशक्तीकरण, सामाजिक सुरक्षा, गरिब तथा विपन्न वर्गको जीवनस्तर सुधार, धार्मिक-सांस्कृतिक पर्यटन प्रवर्द्धन तथा जलवायु अनुकूल पूर्वाधार विकासका विषयलाई पनि वाचा-पत्रमा स्थान दिइएको छ। वाचा-पत्र सार्वजनिक गर्दै साहले राजनीति पद प्राप्तिको माध्यम नभई जिम्मेवारी बोध गर्ने माध्यम भएको उल्लेख गरे। उनले जनताको भरोसालाई केन्द्रमा राख्दै बारा क्षेत्र नम्बर ३लाई दिगो विकासको मार्गमा अघि बढाउने आफ्नो दृढ लक्ष्य रहेको बताएका छन्।

**समाजिक सञ्जालको दुरूपयोग नगरौं।**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ। - विश्रामपुर गाउँपालिका, बारा

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम बिहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुबे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

# पार्टी परिवर्तनको लामो यात्रा

राजनीतिक जीवनमा स्थायित्व र बदलाब दुवै अविभाज्य पक्ष हुन् । पार्टी परिवर्तन, धेरैजसो राजनीतिकर्मीका लागि ब्यक्तिगत विश्वास, मूल्य र रणनीतिक सोचसँग सम्बन्धित हुन्छ । कतिपयले आफ्नो मूल विचारधारालाई नयाँ पार्टीमा लागु गर्न खोज्छन् भने कतिपयले आफूलाई अवसर वा प्रभाव विस्तार गर्ने मार्गको रूपमा प्रयोग गर्छन् ।

तर पार्टी परिवर्तन केवल स्वार्थ वा अवसरको मात्र कुरा होइन । यसले नेता र दल दुवैको छवि, विश्वास र जनतासँगको सम्बन्धमा गहिरो प्रभाव पार्छ । लामो राजनीतिक यात्रामा, आˆनो मूल मूल्यसँग मिल्ने निर्णय लिन सक्ने क्षमता र स्पष्ट दृष्टिकोण राजनीतिकर्मीको सबैभन्दा ठूलो शक्ति हो । सफल पार्टी परिवर्तन भनेको केवल नाम मात्र बदल्नु होइन, नयाँ प्रतिबद्धता, नयाँ नीति र जनताको विश्वास पाउन सक्ने नेतृत्व प्रदर्शन गर्नु हो । यसैकारण राजनीतिक इतिहासले देखाएको छ–जसले आˆनो मार्गदर्शन स्पष्ट राख्छ र पारदर्शिता अपनाउँछ, त्यही लामो समयसम्म जनताको विश्वास जित्न सक्षम हुन्छ ।

हामीका लागि यो पाठ स्पष्ट छः पार्टी परिवर्तनको यात्रामा ब्यक्तिगत स्वार्थ भन्दा बढी, नीति, मूल्य र जनताको हितलाई प्राथमिकता दिनु आवश्यक छ । जब नेतृत्व ईमानदार र प्रतिबद्ध हुन्छ, त्यही परिवर्तनले समाज र लोकतन्त्रको निर्माणमा सार्थक योगदान दिन सक्छ ।






# मतको मसी, वातावरणको कसी



**डा. ऋषि बस्ताकोटी**

नेपालले अब वातावरणलाई वैकल्पिक एजेन्डा होइन, राज्यको विश्वसनीयता र दीर्घकालीन स्थायित्वको आधारमा हेर्नुपर्छ ।

जेन-जी आन्दोलनपछि उत्पन्न राजनीतिक उथलपुथलबीच नेपाल अहिले निर्वाचनमा होमिएको छ। यो आन्दोलन पुरानो राजनीतिक संस्कृतिप्रति असन्तोष, पारदर्शिता र जवाफदेहिताको माग, सामाजिक न्याय, समान अवसर र वातावरणीय न्यायजस्ता मुद्दाबाट प्रेरित थियो । यसले परिवर्तनको ढोका खोलेको छ। तर त्यो ढोका कति चौडा खुल्छ भन्ने कुरा युवाको निरन्तर सक्रियता, राजनीतिक नेतृत्वको इच्छाशक्ति, जवाफदेहिता र संस्थागत सुधारमा निर्भर गर्छ ।

निर्वाचन बहसमा बेवास्ता हुने संरचनागत कमजोरी : नेपालको निर्वाचन बहसमा वर्षौंदेखि दोहोरिँदै आएको एउटा संरचनागत कमजोरी छ । हामी विकासको आकांक्षा त राख्छौं, तर त्यो विकासलाई सम्भव बनाउने प्राकृतिक प्रणाली र पर्यावरणीय जोखिमलाई राजनीतिक प्राथमिकतामा राख्दैनौं। राजनीतिक दलहरूले आर्थिक वृद्धि, पूर्वाधार विस्तार, रोजगारी र सेवा प्रवाहका वाचा गर्छन् तर ती लक्ष्यहरूलाई दीर्घकालीन रूपमा सम्भव बनाउने वातावरणीय आधारबारे बहस सतही रहन्छ । वातावरणलाई अझै पनि 'पूरक' वा 'क्षेत्रगत' मुद्दाका रूपमा हेर्ने प्रवृत्तिले नीति-निर्माणलाई कमजोर बनाइरहेको छ। यो कमजोरी केवल वैचारिकमात्र होइन, यो समुदायको दैनिक जीवनमा प्रत्यक्ष देखिन्छ।

जब विकास योजनाले स्थानीय यथार्थ बेवास्ता गर्छ : नेपालका धेरै समुदाय वातावरणीय जोखिम र विकास-नीतिबीच तालमेलको अभावका प्रत्यक्ष प्रभावित भएका उदाहरण छन् । नवलपरासीका थारू समुदायले सदियौंदेखि वन र जलस्रोतसँग सहअस्तित्वमा आधारित ज्ञान विकास गरेका छन्। तर आधुनिक विकास योजनाले यो ज्ञान बेवास्ता गर्दा उनीहरूको जीवन-आधार कमजोर बन्दै गएको अध्ययनहरूले देखाएका छन् ।

रसुवालगायतका जिल्लाका कतिपय पहाडी बस्ती पटकपटक पहिरोले विस्थापित हुन्छन्, तर स्थानीय पूर्वाधार योजनामा पहिरो जोखिमलाई अझै गम्भीरतापूर्वक समेटिएको छैन । सप्तरी-सिरहाका मुसहर बस्तीहरू प्रत्येक वर्ष बाढीले डुबानमा पर्छन्, तर सुरक्षित बसोबास र जलवायु-अनुकूल पूर्वाधारजस्ता जोखिम न्यूनीकरणका उपाय स्थानीय योजनामा पर्याप्त रूपमा समावेश हुन सकेका छैनन्। यी उदाहरण केवल स्थानीय पीडा होइनन् । यी त वातावरणीय जोखिमलाई विकास, पूर्वाधार र शासनसँग एकीकृत गर्न नसकिएको संरचनागत असफलताका संकेत हुन् ।

उच्च जोखिम, कमजोर संस्थागत तयारी :
नेपाल जलवायु परिवर्तनबाट अत्यन्त जोखिममा रहेको देश हो भन्ने तथ्य स्थापित छ। ग्लोबल क्लाइमेट रिस्क इन्डेक्स, २०२६ ले नेपाललाई बारम्बार उच्च जोखिम समूहको १० राष्ट्रभित्र राखेको छ। हिमनदी पग्लिनु, बाढी-पहिरोको तीव्रता बढ्नु, वर्षा प्रणालीको अनिश्चितता, कृषि उत्पादकत्वमा गिरावट र सहरी वायु प्रदूषण- यी सबैले विकास रणनीतिलाई चुनौती दिन्छन् । तर निर्वाचनका बेला यी विषय सामान्य वाचा र अस्पष्ट वाक्यांशमा सीमित हुन्छन् । मुख्य समस्या वातावरणीय जोखिमलाई राजनीतिक र आर्थिक निर्णय प्रक्रियामा संस्थागत रूपमा समावेश गर्न नसक्नु हो ।

नेपालमा पर्यावरण नीति छुट्टै दस्तावेज र परियोजनामा सीमित छ- आर्थिक योजना, पूर्वाधार, ऊर्जा नीति र बजेट प्रक्रियासँग यसको एकीकरण भने कमजोर छ। संघीयतापछि स्थानीय तहमा वातावरणीय जिम्मेवारी बढेको छ । तर स्रोत, सचेतना, प्राविधिक क्षमता र वित्तीय पहुँच अझै अपर्याप्त छन्। धेरै स्थानीय तहमा वातावरणीय प्रभाव मूल्यांकन गर्ने दक्ष जनशक्ति छैन, जलवायु अनुकूलन योजना बनाउने क्षमता सीमित छ र बजेटमा वातावरणीय मापदण्ड समावेश गर्ने संयन्त्र स्पष्ट छैन। जब पर्यावरणीय जोखिम निर्णय प्रक्रियामा समाहित हुँदैन, चुनावी प्रतिबद्धता व्यवहारमा रूपान्तरण हुन सक्दैन ।

विकास कि वातावरण ? एउटा झुटो द्वन्द्व : नेपाली राजनीतिक भाष्यमा विकास र वातावरणलाई आपसमा विरोधी अवधारणाका रूपमा प्रस्तुत गर्ने प्रवृत्ति अझै बलियो छ। तर यो झुटो द्वन्द्व हो । वातावरणीय आधारबिना विकास टिक्दैन र समुदायको अधिकारबिना संरक्षण सफल हुँदैन। नेपालको सामुदायिक वन व्यवस्थापन यसको सशक्त उदाहरण हो- करिब २२ हजार सामुदायिक वन उपभोक्ता समूहमा २९ लाखभन्दा बढी घरधुरी संलग्न छन् र यी वनहरूको अवस्था सरकारी वनभन्दा राम्रो रहेको देखिन्छ। यसको आधार स्थानीय समुदायको निर्णय अधिकार र प्रत्यक्ष लाभ हो।

तर आरईडीडी प्लस माइनसजस्ता कार्बन व्यापार योजनाले यो सन्तुलनलाई चुनौती दिइरहेका छन्। राष्ट्रिय तहमा कार्बन व्यापारको बहस चलिरहँदा स्थानीय समुदाय आफ्नो परम्परागत अधिकार सुरक्षित रहन्छ कि रहँदैन भन्ने चिन्तामा छन्। यो केवल वातावरणीय मुद्दा होइन, यो अर्थ-राजनीतिक प्रश्न पनि हो। निर्वाचन बहसमा यसको स्पष्ट छलफल आवश्यक छ।

विश्वका उदाहरणले के भन्छन् ? : अन्तर्राष्ट्रिय अनुभवले देखाउँछ, वातावरणीय आयामलाई विकास रणनीतिबाट अलग राख्ने राज्यहरूले दीर्घकालीन आर्थिक स्थायित्व हासिल गर्न सकेका छैनन् । युरोपियन युनियनको ग्रिन डिलले वातावरणलाई आर्थिक नीतिको केन्द्रमा राख्दै हरित ऊर्जा, स्वच्छ पूर्वाधार र कार्बन उत्सर्जन कटौती दीर्घकालीन समृद्धिको आधार हुन सक्छन् भन्ने देखाएको छ । त्यस्तै, न्युजिल्यान्डको वेल बिइङ बजेटले बजेटको प्राथमिकता केवल जीडीपी होइन, वातावरणीय स्वास्थ्य, पानीको अवस्था, समता र समुदायको समग्र कल्याणमा आधारित हुनुपर्छ भन्ने मान्यता स्थापित गरेको छ । यी मोडेलहरूले वातावरणलाई शासनको मूल संरचनामा गाभेपछि मात्र विकास विश्वसनीय र समावेशी बन्न सक्छ भन्ने सन्देश दिन्छन्।

वातावरणलाई नीति-फिल्टर बनाउने समय : आगामी निर्वाचनमा मुख्य प्रश्न 'के गर्ने ?' भन्दा पनि 'वातावरणलाई शासन प्रणालीमा कसरी समाहित गर्ने ?' भन्ने हुनुपर्छ । वातावरणलाई छुट्टै मन्त्रालयको विषयमा सीमित राख्ने होइन–हरेक विकास निर्णय, बजेट प्राथमिकता र पूर्वाधार योजनामा वातावरणीय प्रभाव र सामुदायिक अधिकारलाई अनिवार्य नीति-फिल्टर बनाउनु आवश्यक छ।

ऊर्जा र अर्थतन्त्र : नेपालले वार्षिक दुई अर्ब अमेरिकी डलरभन्दा बढी पेट्रोलियम पदार्थ आयात गर्छ। यो रकम घरेलु नवीकरणीय ऊर्जामा लगानी गरिए रोजगारी, व्यापार सन्तुलन र वातावरण तीनै क्षेत्रमा लाभ पुग्न सक्छ। सौर्य ऊर्जा, जलविद्युत्, दिगो पर्यटन र प्रकृतिमा आधारित समाधान केवल वातावरणीय रणनीति होइनन्, यी आर्थिक स्वाधीनताको आधार पनि हुन्।

पूर्वाधार र जोखिम व्यवस्थापन : नेपालमा परियोजना डिजाइन प्राय : राजनीतिक समयरेखा अनुसार हुन्छ, जलवायु जोखिमअनुसार होइन । मेलम्ची परियोजनामा जलवायु जोखिम र भूकम्पीय संवेदनशीलताको पर्याप्त मूल्यांकन भएको भए २०२१ को बाढीले पुऱ्याएको क्षति कम हुन सक्थ्यो । नेपालमा आर्थिक वर्षको अन्त्यतिर हतारहतार बजेट सक्ने गरी हुने 'असारे विकास' पर्यावरणीय विनासको कारण बन्ने गरेको छ। मनसुन अवधिमा संवेदनशील क्षेत्रमा निर्माण गतिविधिमा नियमन वा अस्थायी प्रतिबन्धको नीति अवलम्बन गर्न सके समस्या धेरै हदसम्म न्यूनीकरण हुन सक्छ। यी केवल प्राविधिक होइनन्, नीतिगत असफलता पनि हुन्।

सार्वजनिक स्वास्थ्य : वायु प्रदूषण र दूषित पानी अब केवल वातावरणीय मुद्दा होइनन्, यी स्वास्थ्य प्रणालीमाथिको संरचनागत दबाब पनि हुन् । काठमाडौं उपत्यकाको वायु प्रदूषणले हजारौं मानिसलाई श्वासप्रश्वास र मुटुरोगतर्फ धकेल्छ, श्रम उत्पादकत्व घटाउँछ र स्वास्थ्य खर्च बढाउँछ। यातायात, उद्योग र सहरी योजनालाई स्वास्थ्यको दृष्टिकोणबाट हेर्ने संयन्त्र आवश्यक छ।

घोषणापत्र र जवाफदेहिता, वाचाभन्दा संरचना चाहिन्छ : निर्वाचन नजिकिँदै जाँदा राजनीतिक दलहरूले प्रकाशित गर्ने घोषणापत्र देशको नीतिगत दिशा बुझ्ने एउटा महत्वपूर्ण दस्तावेज हो। तर विगतका घोषणापत्र हेर्दा एउटा साझा कमजोरी स्पष्ट देखिन्छ, वातावरणीय मुद्दा उल्लेख त हुन्छन् तर तिनलाई शासन संरचना, वित्तीय प्राथमिकता र कार्यान्वयन संयन्त्रसँग जोडेर प्रस्तुत गरिँदैन । अधिकांश दलहरूले 'हरित विकास', 'जलवायु अनुकूलन', 'सफा ऊर्जा', 'दिगो पूर्वाधार' जस्ता आकर्षक शब्द प्रयोग गर्छन्, तर ती शब्दहरू प्राय : नाराजस्तै सुनिन्छन्।

घोषणापत्रमा उल्लेखित वातावरणीय प्रतिबद्धताहरूमा न त स्पष्ट लक्ष्य हुन्छ, न त समयसीमा, न त बजेट स्रोतको विवरण। यसले वातावरणीय मुद्दालाई गम्भीर नीति र एजेन्डा होइन, चुनावी सजावटको रूपमा प्रस्तुत गरिदिन्छ। घोषणापत्रमा वातावरणीय मुद्दा प्राय : अन्त्यतिर छुट्टै अध्यायमा राखिन्छ । यसले वातावरणलाई विकासको केन्द्र होइन, साइड नोट बनाइदिन्छ। तर वातावरणीय जोखिम आर्थिक वृद्धि, पूर्वाधार, कृषि, ऊर्जा र स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको हुँदा, यो विषयलाई मुख्यधारको नीति-ढाँचामा राखिनु आवश्यक छ । विगतका सरकारहरूको अनुभवले पनि प्रतिबद्धता र कार्यान्वयनबीचको दूरी स्पष्ट देखाउँछ। ईआईए प्रक्रिया राजनीतिक दबाबमा कमजोर पारिन्छ, सहरी वायु प्रदूषण नियन्त्रणका वाचा कागजमै सीमित रहन्छन्।

सामुदायिक वन अधिकार संरक्षणमा निरन्तरता हुँदैन र जलवायु वित्त स्थानीय तहसम्म पुग्दैन। यसले एउटा गम्भीर प्रश्न उठाउँछ, घोषणापत्रमा गरिएको वातावरणीय वाचा व्यवहारमा किन अनुवाद हुँदैन ? वातावरणीय जवाफदेहिता सुनिश्चित गर्न दलहरूले अब घोषणापत्रमा मापनयोग्य लक्ष्य, स्पष्ट बजेट स्रोत र अनुगमन संयन्त्र समावेश गर्न आवश्यक छ। संसद्मा वार्षिक जलवायु प्रगति प्रतिवेदन अनिवार्य गर्ने, स्थानीय तहलाई कानुनी रूपमा सुनिश्चित वातावरणीय अधिकार र बजेट दिने र ईआईए उल्लंघनमा राजनीतिक हस्तक्षेप रोक्ने जस्ता संरचनागत सुधार घोषणापत्रमै समावेश हुनुपर्छ।

मतदाताले पनि घोषणापत्र हेर्दा केवल नारा होइन, संरचनागत प्रश्न सोध्नुपर्छ, के लक्ष्य मापनयोग्य छन् ? के बजेट स्रोत उल्लेख छ ? के स्थानीय तहको भूमिका स्पष्ट छ ? के सामुदायिक अधिकार सुरक्षित छ ? के अनुगमन संयन्त्र छ ? यी प्रश्नहरूले दलहरूलाई वातावरणीय मुद्दामा गम्भीर, दीर्घकालीन र संस्थागत प्रतिबद्धता गर्न बाध्य पार्छन्।

निष्कर्ष- वातावरण र राज्यको विश्वसनीयता : वातावरणीय एजेन्डालाई परिधिमा राख्नु भनेको राज्यले दीर्घकालीन जोखिम व्यवस्थापन गर्न नसक्ने स्वीकार गर्नु हो। आगामी निर्वाचन केवल राजनीतिक प्रतिस्पर्धा होइन; यो राज्यको नीति-क्षमताको परीक्षा पनि हो । यदि वातावरणीय मुद्दा अझै परिधिमा रह्यो भने विकासको बहस विश्वसनीय हुँदैन । खुम्बुका गाउँलेहरूले हिमनदी पग्लिएको देखिरहेका छन्, रसुवा र अन्य पहाडी भागका बस्ती विस्थापित भइरहेका छन् । नवलपरासीका थारूहरूले वन र जलस्रोत घट्दै गएको अनुभव गरिरहेछन्। यी यथार्थलाई सम्बोधन नगर्ने विकासको कुनै पनि योजना अन्तत : खोक्रो हुन्छ।

नेपालले अब वातावरणलाई वैकल्पिक एजेन्डा होइन, राज्यको विश्वसनीयता र दीर्घकालीन स्थायित्वको आधारका रूपमा हेर्नुपर्ने समय आएको छ।

बस्ताकोटी, वातावरण नीति विज्ञ हुन् । मतदाताले पनि घोषणापत्र हेर्दा केवल नारा होइन, संरचनागत प्रश्न सोध्नुपर्छ, के लक्ष्य मापनयोग्य छन् ? के बजेट स्रोत उल्लेख
छ ? के स्थानीय तहको भूमिका स्पष्ट छ ? के सामुदायिक अधिकार सुरक्षित छ ? के अनुगमन संयन्त्र छ ?






॥समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो। राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं। - प्रसौनी गाउँपालिका, बारा

## अन्तराष्ट्रिय समाचार

# अफगानिस्तानमा पाकिस्तानले गरेको हवाई आक्रमणमा ८० जनाभन्दा धेरैको मृत्यु

***इस्लामावाद-*** अफगानिस्तानको नङ्गरहार, पक्तिका र खोस्त प्रान्तका सात स्थानमा पाकिस्तानले हवाई गरेको जनाइएको छ। आक्रमणमा ८० जना भन्दा बढी व्यक्तिको मृत्यु भएको जियो न्यूजले इस्लामाबादको सुरक्षा स्रोतलाई उद्धृत गर्दै जनाएको छ । पछिल्लो आत्मघाती आक्रमणको प्रतिक्रियामा पाकिस्तानले पनि यस क्षेत्रमा धेरै आक्रमण गरेको जनाइएको छ ।



लक्षित स्थानहरूमा नङ्गरहार, खोस्तमा ख्वारीजी मौलवी अब्बास सेन्टर, नङ्गरहारमा ख्वारीजी इस्लाम सेन्टर र ख्वारीजी इब्राहिम सेन्टर र पक्तिकामा ख्वारीजी मुल्लाह रहबर र ख्वारीजी मुखलिस यार रहेको जनाइएको छ ।

यस अघि पाकिस्तानका आन्तरिक राज्यमन्त्री तलाल चौधरीले सीमापार कारबाहीमा करिब ७० जना आतङ्ककारीलाई नि-सस्त्र बनाएको बताएका थिए। प्रतिबन्धित तहरीक-ए-तालिबान पाकिस्तान, यसका सम्बद्धहरू र इस्लामिक स्टेट-खोरासन प्रान्त (दाइश-खोरासन) का लागि पाकिस्तानी अधिकारीहरूले प्रयोग गर्ने शब्द फितना अल-खवारीजसँग सम्बन्धित शिविरहरूलाई लक्षित गरी आक्रमण गरिएको सरकारले जनाएको छ । जियो न्यूज कार्यक्रम "जियो पाकिस्तान" सँग कुरा गर्दै चौधरीले अफगानिस्तान सीमापार आतङ्कवादको स्रोत बनेको आरोप लगाएका छन् ।

उनले पाकिस्तानले आफ्ना नागरिकहरूको सुरक्षाका लागि आवश्यक उपायहरू अपनाइरहेको र करिब ७० हजार गुप्तचर-आधारित अपरेसनहरू घरेलु रूपमा सञ्चालन गरिएको उल्लेख गरेका छन् जसको परिणामस्वरूप धेरैलाई पक्राउ गरिएको थियो। पाकिस्तानको सूचना र प्रसारण मन्त्रालयले आक्रमणलाई "सटीक र सही" भन्दै इस्लामाबाद, बाजौर र बन्नुमा हालैका आत्मघाती बम विस्फोटहरूको प्रतिशोधात्मक प्रतिक्रिया भनेको छ ।

इस्लामावादले अफगानिस्तानको मिले-मत्तोमा आधारित आक्रमणहरू आयोजना गरिएको र टिटिपी र दाइश तत्वहरूसँग जोडिएको दाबी गरेको छ। उक्त आक्रमणले पक्तिका प्रान्तको बरमल क्षेत्र, नङ्गरहार प्रान्तको खोग्यानी जिल्ला, साथै घानी खेल, बेहसुद र अर्गुन क्षेत्रका ठाउँहरूलाई लक्षित गरेको बताइएको छ । चौधरीले सन् २०२० को दोहा सम्झौताको उल्लेख गर्दै अफगान तालिबानले अफगानिस्तानको भूमि आतङ्कवादका लागि प्रयोग गर्न नदिने वाचा गरेको बताएका छन् । उनले काबुलको अन्तरिम प्रशासन आतङ्कवादी गतिविधि रोक्न असफल भएको आरोप समेत लगाए । पाकिस्तानले आफ्नो सुरक्षा चिन्तालाई सम्बोधन गर्न कूटनीतिक र सैन्य स्तरका प्रयासहरू गरेको र राजनीतिक दलहरूलाई आतङ्कवाद विरुद्ध एकजुट हुन आग्रह गरेको उनले बताए। पाकिस्तानको खैबर पख्तुनख्वा र बलुचिस्तान प्रान्तमा हिंसामा वृद्धि भएपछि पछिल्लो आक्रमण भएको जनाइएको छ । विशेष गरी २०२१ मा अफगानिस्तानमा तालिबान सत्तामा फर्किए पछि हालैका वर्षहरूमा इस्लामाबाद र काबुलबीच तनाव बढेको जनाइएको छ ।

सन् २०२५ अक्टोबर मा, पाकिस्तानी सेना र अफगान तालिबान लडाकुहरू बिचको सीमा झडपका कारण दुवै पक्षको ठुलो क्षति भएको बताइएको छ । चरणवद्ध वार्ताका बावजुद, दुवै देशले स्थायी शान्ति हासिल गर्न संघर्ष गरेका छन् । यसैबीच, काबुलले यस अघि आतङ्कवादी समूहहरू अफगान क्षेत्रबाट सञ्चालन गर्ने इस्लामाबादको आरोपलाई अस्वीकार गर्दै पाकिस्तानको सुरक्षा चुनौतिहरू आन्तरिक विषय भएको बताएको छ ।

नेपाल सरकार
भुमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमी व्यवस्थापन तथा अभिलेख बिभाग
भुमि सुधार तथा मालपोत कार्यलय
बारा कलैया

**हक दाबी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना**

भुमिसुधार तथा मालपोत कार्यलय बारा कलैया बाट हक दाबी समबन्धी ३५ दिने सार्वजनिक सुचना भेरखी हजरा को नाति बिल्टु हजरा दुसादको छोरी जिल्ला बारा गा बि स सिमरौनगढ न. पा. वार्ड न .११ बस्ने रामसखिया दुसादिन ले तपसिलमा उल्लिखित जग्गा मेरो बुबा नाता को बिल्टु हजरा का नाम बाट मेरो नाममा नामसारी दर्ता गरि पाउ भनी द .न .१६२४२ मिति २०८२/११/५ को निवेदन बाट माग दाबी गरेका ले माग बमोजिम निबेदक का नाम मा नामसारी गर्न नमिलने कुनै कारण भए वा अन्य कसैको हकदाबि लागने भए वा सरकारि सार्वजनिक समप्तिको नोकसानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले बाटाको मयाद बाहेक ३५ दिन भित्र यस कार्यलयमा स - प्रमाण दाबी उजुर गर्न आउनु होला ।सुचना गर्नु होला ।अनयथा कानुन बमोजिम भइ जाने ब्यहोरा सम्बन्धित सबैका लागी सुचित गरिन्छ ।

निबेदकले माग दाबी गरेको छोटो विवरण सूचना उपर कसैको दाबी बिरोध भए कार्यवाही अगाडि बढ्ने छोटो विवरण ।

**तपसिल**

| जिल्ला | गा. बि. स. | वार्ड न | किता न. | ज. बि | ज. ध. |
|---|---|---|---|---|---|
| बारा | पथरा | ८गा | ५८ | ०-०-११ | बिल्टु हजरा |

उलेखित किताको मृत्क ज. ध. बिल्टु हजराको श्रेस्ता जिर्ण भैइ झरी फाटी गएकोले श्रेस्ता अद्यावधिक गरि हक खाने एक मात्र छोरी निबेदिका रामसखिया दुसादिनको नाममा एकलौटि नामसारी गरि पाउ भनी निबेदिकाको माग दाबी रहेको हुदा यो हक दाबी समबन्धी ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ ।

**विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।**
**सम्पर्क नम्बर : ९८४५२२६३०५**

# बारा-३ मा उम्मेदवार ज्वाला कुमारी साहको विश्वास र प्रतिबद्धता

***शु.आ. सम्बाददाता***
***कलैया, ११ फागुन***

बारा-३ प्रतिनिधि सभा क्षेत्रको चुनावी अभियानको क्रममा ज्वाला कुमारी साह, नेकपा एमाले पार्टीकी उम्मेदवार, आफ्ना मतदातासँग प्रत्यक्ष संवाद गर्दै समाजमा महिला सशक्तिकरण र विकासको आवश्यकता औंल्याउनु भएको छ। आफू साधारण परिवारमा जन्मेकी उम्मेदवार साहले परिवार, समाज र जीवनका जिम्मेवारीका बीच कहिल्यै हार नमान्ने निर्णय व्यक्त गर्दै भन्नुभयो, "म आफ्नो परिश्रमबाट जीवन चलाउँछु – लुगा सिउने, काम गर्ने, सङ्घर्ष गर्ने र आफ्ना सन्तानलाई अघि बढाउने अठोट लिएकी छु ।"




साहले महिलाहरूले आफ्नो शिक्षा, क्षमता र समाजमा भूमिका बुझ्ने अवसर पाउनुपर्ने र समाजमा योगदान दिने चेतना विकास हुनुपर्नेमा जोड दिनुभयो । उहाँले सामाजिक चेतनामूलक कार्यक्रम, भेटघाट र छलफलमार्फत आफ्नो स्तरबाट योगदान गर्दै आएको पनि बताउनुभयो । उहाँले चुनावी भाषणमा भने, "मैले जीवनमा धेरै दुःख-कष्ट भोगेकी छु, तर त्यसले मलाई कमजोर होइन, बलियो बनाएको छ। म अन्धकारबाट सूर्यझैँ उज्यालोतर्फ निस्केकी छु । तपाईंहरूको माया, साथ र विश्वासले मलाई अझ जिम्मेवार बनाउनेछ ।"

साहले मतदातालाई विश्वास दिलाउँदै आफ्नो अभियान इमानदारिता, त्याग र तपस्याको मार्गमा केन्द्रित रहेको बताउनुभयो । उहाँले आफ्नो विजयी मतदाताका माया, ममता र भरोसालाई कहिल्यै धोका नदिने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो ।

बारा-३ मा नेकपा एमालेको उम्मेदवार साहको चुनावी अभियान महिला सशक्तिकरण, सामाजिक विकास र पारदर्शी शासनमा केन्द्रित रहेको छ ।

# पर्सा-४ मा 'जय घण्टी' को गुञ्जन

***राजन कुमार बानिया***
***पर्सा, ११ फागुन***

पर्सा क्षेत्र नम्बर-४ मा चुनावी माहोल तातिँदै जाँदा ८८राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)८८का प्रतिनिधि सभा सदस्य उम्मेदवार टेकबहादुर शाक्यको चुनावी घरदैलो कार्यक्रम कालिकामाई गाउँपालिका वडा नम्बर-२ भेडिहारीमा उत्साहका साथ सम्पन्न भएको छ।



घरदैलो कार्यक्रमका क्रममा उम्मेदवार शाक्यले स्थानीय मतदातासँग प्रत्यक्ष संवाद गर्दै आफ्ना चुनावी एजेन्डा प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा सहभागी रास्वपाका समर्थकहरूले घण्टी बजाउँदै 'जय घण्टी'को नारा लगाएर वातावरणलाई उत्साहपूर्ण बनाएका थिए ।

टोल-टोलमा पुगेर मतदातासँग संवाद गर्दै शाक्यले सुशासन, पारदर्शिता, भ्रष्टाचार नियन्त्रण र जनउत्तरदायी शासनलाई आफ्नो प्रमुख प्राथमिकता रहेको बताउनुभयो। उहाँले परम्परागत राजनीतिक अभ्यासबाट दिक्क भएका जनताले अब वैकल्पिक राजनीतिक शक्तिलाई अवसर दिनुपर्ने धारणा व्यक्त गर्दै, "राजनीति सेवा हो, सत्ता होइन," भन्ने सन्देश दोहोऱ्याउनुभयो ।

घरदैलो कार्यक्रममा स्थानीय बासिन्दाहरूले रोजगारी, सडक तथा पूर्वाधार विकास, शिक्षा र स्वास्थ्यजस्ता आधारभूत विषयमा प्रश्न उठाएका थिए। त्यसको जवाफ दिँदै उम्मेदवार शाक्यले क्षेत्रीय विकासलाई योजनाबद्ध र दीर्घकालीन रूपमा अघि बढाइने प्रतिबद्धता जनाउनुभयो ।

पर्सा क्षेत्र नम्बर-४ मा चुनावी सरगर्मी बढ्दै गएको छ। विभिन्न राजनीतिक दलका उम्मेदवारहरू घरदैलो कार्यक्रम तथा सभा-सम्मेलनमार्फत मतदाता आकर्षित गर्न सक्रिय देखिएका छन् ।

**जनहितमा जारी सन्देश**

- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिबाट जोगिऔं ।
- सडेगलेका तथा बासी खाना नखाऔं ।
- घरवरिपरी तथा व्यक्तिगत सरसफाइमा ध्यान दिऔं ।

सिम्रौनगढ नगरपालिका
सिम्रौनगढ, बारा

**जनहितमा जारी सन्देश**

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं नगराऔं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- जथाभावी फोहोर नगरौं ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं ।

वृन्दावन नगरपालिका, विश्रामपुर, रौतहट

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका, बारा

# ब्राह्मण समाज नेपालको होली मिलन समारोह सम्पन्न

*शु.आ. सम्वाददाता*
*कलैया, ११ फागुन*

कलैया पावर हाउस नजिक रहेको ब्राह्मण समाजको जग्गामा सोमबार ब्राह्मण समाज नेपाल जिल्ला अधिवेशन तयारी समितिको आयोजनामा होली मिलन समारोह सम्पन्न भएको छ।

समारोह तयारी समितिका संयोजक प्रेमलाल पाण्डेको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा जिल्ला कार्य समितिका अध्यक्ष मुक्तिनाथ तिवारी प्रमुख अतिथिका रूपमा उपस्थित रहेका थिए भने केन्द्रीय सदस्य वृजेश कुमार पाण्डेको विशिष्ट उपस्थिति रहेको थियो।

आगामी फाल्गुन ३० गते हुने जिल्ला अधिवेशनका लागि स्वेच्छिक चन्दा संकलनको घोषणा उद्घोषक टिलेन्द्र पुरुष ढकालद्वारा गरिएको थियो। समारोहमा वक्ताहरूले ब्राह्मण समुदायले समाजमा शान्ति, सुव्यवस्था र अमन-चयन कायम गर्न भूमिका खेल्नुपर्ने, आफ्ना संस्कार, संस्कृति र आचरणको संरक्षण तथा पालना गर्नुपर्नेमा जोड दिएका थिए। साथै, आगामी निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न होस् भन्ने उद्देश्य सहित कार्यक्रम सम्पन्न गरिएको आयोजकले जानकारी दिएका छन्।



# बारा-३ मा चुनावी प्रतिस्पर्धा तातेको संकेत : पर्चा च्यातिएको दाबी गर्दै सञ्जय सहनी

बारा, ११ फागुन

जनअधिकार पार्टीबाट बारा क्षेत्र नम्बर ३ का प्रतिनिधिसभा सदस्य उम्मेदवार सञ्जय सहनीले आफ्नो जित सुनिश्चित हुँदै गएकाले अन्य पार्टीका नेता तथा कार्यकर्ताले आफ्नो चुनावी पर्चा-पम्प्लेट च्यात्ने कार्य गरिरहेको दाबी गरेका छन्।

सोमबार कलैया उपमहानगरपालिका वडा नम्बर १४ मा घरदैलो अभियान तथा मतदातासँग प्रत्यक्ष भेटघाट गर्ने क्रममा सहनीले यस दैनिकसँग कुरा गर्दै यस्तो बताएका हुन्। उनले जनताको बढ्दो समर्थन देखेर प्रतिस्पर्धी पक्ष आत्तिन थालेको र त्यसकै परिणामस्वरूप प्रचार सामग्री नष्ट गर्ने जस्ता गतिविधि भइरहेको आरोप लगाए।

उम्मेदवार सहनीले आफू 'जेन-जी' पुस्ताको प्रतिनिधि भएको उल्लेख गर्दै जेन-जीका आवाज, चाहना र आवश्यकतालाई सदनसम्म पुऱ्याएर कार्यान्वयन गराउन दृढ रहेको बताए। उनका अनुसार अन्य पार्टीका अधिकांश उम्मेदवार ५० वर्ष नाघिसकेका भएकाले उनीहरू निर्वाचित भए जेन-जी पुस्ताको मर्म, सोच र भविष्यका आवश्यकता बुझ्न नसक्ने दाबी गरे।



चुनावी अभियानका क्रममा सहनीले आफू निर्वाचित भए शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता व्यक्त गरे। साथै, नेपालभित्र रहेका कलकारखानामा नेपाली युवालाई रोजगारीमा प्रोत्साहन गर्ने, स्वदेशी उत्पादनलाई संरक्षण र प्रवर्द्धन गर्ने नीतिमा आफू दृढ रहने बताए।

घरदैलो अभियानमा सहनीले युवाहरूमा बढ्दो बेरोजगारी, गुणस्तरीय शिक्षाको अभाव, सुलभ स्वास्थ्य सेवाको कमी र कृषिमा लागत वृद्धि जस्ता समस्याबारे स्थानीयसँग छलफल गरेका थिए। भेटघाटका क्रममा धेरै युवाले नयाँ सोच, नयाँ नेतृत्व र पुस्तान्तरणको आवश्यकता औंल्याउँदै सहनीप्रति सकारात्मक धारणा व्यक्त गरेको उनको भनाइ छ।

सहनीले चुनावी प्रतिस्पर्धा स्वस्थ, मर्यादित र शान्तिपूर्ण हुनुपर्नेमा जोड दिँदै प्रचार सामग्री नष्ट गर्ने जस्ता गतिविधि लोकतान्त्रिक मूल्यविपरीत भएको टिप्पणी गरे। उनले प्रशासन र सरोकारवाला निकायलाई निष्पक्ष वातावरण सुनिश्चित गर्न समेत आग्रह गरेका छन्।

# बारा-३ मा अनुभवको दाबी सहित रामबाबु यादवको आक्रामक चुनावी अभियान

*शु.आ. सम्वादाता*
*बारा, ११ फागुन*

जनता समाजवादी पार्टीका तर्फबाट बारा क्षेत्र नम्बर ३का प्रतिनिधिसभा सदस्य उम्मेदवार रामबाबु यादव यतिबेला चुनावी मैदानमा आक्रामक र जुझारु रूपमा सक्रिय देखिएका छन्। छाता छाप चुनाव चिन्ह लिएर उनी गाउँ-गाउँमा घरदैलो, च्याली तथा कोणसभा मार्फत मतदातासँग प्रत्यक्ष संवादमा जुटिरहेका छन्।

यादवले आफ्नो लामो राजनीतिक अनुभव र विगतका कार्यसम्पादनलाई मुख्य आधार बनाउँदै मतदाताको समर्थन मागिरहेका छन्। उनका अनुसार २०४८ सालदेखि निरन्तर राजनीतिमा सक्रिय रहँदै आफू निर्वाचित भएको अवधिमा यस क्षेत्रको विकासलाई योजनाबद्ध रूपमा अघि बढाइएको थियो। शिक्षा, सडक, सिँचाइ, खानेपानी र आधारभूत पूर्वाधार विकासका थुप्रै योजनामा आफ्नो निर्णायक भूमिका रहेको दाबी गर्दै उनले अधुरा योजनाहरूलाई अब पूर्णता दिने स्पष्ट प्रतिबद्धता व्यक्त गरेका छन्।

घरदैलो कार्यक्रमका क्रममा यादवले विकासका मुद्दालाई भावनात्मक नारामा सीमित नराखी ठोस कामसँग जोडिएको विषय भएको बताए। "यो क्षेत्रको विकास अधुरो छोडिने छैन," भन्दै उनले जनताको भरोसा नै आफ्नो शक्ति भएको उल्लेख गरे।



बाँकी रहेका योजना सम्पन्न गर्नु नै आफ्नो पहिलो प्राथमिकता हुने उनको भनाइ छ।

चुनावी सभामा यादवले बारा-३ लाई समृद्ध, आत्मनिर्भर र अवसरयुक्त क्षेत्र बनाउने लक्ष्य दोहोऱ्याउँदै मतदातालाई छाता छापमा मतदान गर्न आग्रह गरेका छन्। स्थानीय कार्यकर्ताहरूका अनुसार पछिल्ला दिनहरूमा बारा-३ मा छाता छापप्रति आकर्षण बढ्दै गएको छ र चुनावी माहोल क्रमशः यादवको पक्षमा मोडिँदै गएको देखिन्छ। चुनावी सरगर्मी चुलिँदै जाँदा यादवको अभियानले क्षेत्रीय राजनीतिमा नयाँ बहस र सक्रियता थपेको विश्लेषकहरूको भनाइ छ। विशेषगरी कलैया उपमहानगरपालिकाका वडा नम्बर ४ र १० मा सम्पन्न घरदैलो कार्यक्रममा उनले विकासका अधुरा काम, स्थानीय आवश्यकता र आगामी योजनाबारे मतदातासँग खुला संवाद गरेका थिए।

स्थानीय मतदातासँगको प्रत्यक्ष भेटघाट, अनुभवको दावी र योजनाको निरन्तरताको सन्देशसहित अघि बढिरहेको रामबाबु यादवको चुनावी अभियानले बारा-३ को प्रतिस्पर्धालाई थप रोचक बनाइरहेको छ।

---


फोन नं. : ०५३-६९०१०८

**श्री राम चरित्र माध्यमिक विद्यालय**

जयनगर चिउँटाहा, बारा

**Shree Ram Charitra Sec.School**

Jainagar Chiutaha, Bara

## सच्याईएको सूचना

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना

(प्रकाशित मिति :-२०८२/११/८)

श्री राम चरित्र माध्यमिक विद्यालय जयनगर चिउँटाहा बाराबाट सार्वजनिक खरीद अनुगमन कार्यालयको वेब साईटमा र हिमालय टाइम्स राष्ट्रिय दैनिकमा मिति २०८२/०९/०८ गते प्रकाशित E-bidding मार्फत समय सिमा भित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु खोली प्राविधिक प्रस्ताव मूल्यांकन गर्दा तपशिल बमोजिमका बोलपत्रहरु सारभूतरुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम २०६४ को नियम ३१(ङ) को उपनियम (५) बमोजिम मूल्यांकन प्रयोजनार्थ आर्थिक प्रस्ताव खोल्ने सम्बन्धित बोलपत्र दाताहरुलाई मिति २०८२/११/१५ गते शुक्रवार ३:०० बजे यस श्री राम चरित्र माध्यमिक विद्यालय जयनगर चिउँटाहा बाराको कार्यालयमा निजहरुको आर्थिक प्रस्ताव खोलिने हुँदा उपस्थितिको लागि जानकारी गराईन्छ।

तपशिल:

| क्र.सं. | निर्माण व्यवसायी फर्मको नाम | ठेगाना |
|---|---|---|
| १ | M/S Arisha-A.U JV | Mahagadhimai Municipality-1, Bara, Nepal |
| २ | M/S Dibyasuryodaya/Dwivedi J/V | Birgunj-13, Parsa |
| ३ | M/S Haiku Infratech Pvt. Ltd. | Subidhanagar-32, Kathmandu |
| ४ | M/S Jaleshwor Nath-Ashish J.V | Kalaiya-11, Bara |
| ५ | M/S Rishav-Gadhimai Riya JV | Mahagadhimai-2, Bara |
| ६ | M/S Sonu Monu-Janak-Ankit J.V | BAGHAWAN KALAIYA MUNICIPALITY WARD NO.-14, BARA, NEPAL |
| ७ | M/S Ved/Nitu Construction J.V | R.M. Pakahamainpur-02, Parsa |

Principal
Dinesh Prasad Sah


# पर्सा-४ मा काँग्रेस उम्मेदवार जिताउन मुख्यमन्त्री यादवको आग्रह

*राजन कुमार बानिया*
*पर्सा, ११ फागुन*

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णा प्रसाद यादवले प्रतिनिधि सभा सदस्यको निर्वाचनमा नेपाली काँग्रेसका उम्मेदवारलाई विजयी गराउन स्थानीय मतदातासँग आग्रह गर्नुभएको छ।

पर्सा क्षेत्र नम्बर-४ अन्तर्गत पर्ने छिपहरमाई गाउँपालिका वडा नम्बर-१ मिर्जापुरमा आयोजित भेटघाट कार्यक्रममा मुख्यमन्त्री यादवले काँग्रेसका उम्मेदवार रमेश रिजललाई जिताउन स्थानीय नेता, कार्यकर्ता तथा जनसमुदायसँग आग्रह गर्नुभएको हो।

नेपाली काँग्रेस मधेश प्रदेशका सभापति समेत रहनुभएका मुख्यमन्त्री यादवले देश र जनताको हितका लागि गगन थापाको नेतृत्वमा सरकार आवश्यक रहेको बताउनुभयो। उहाँले यसपटकको निर्वाचन मुलुकका लागि अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गर्दै काँग्रेसको जित अपरिहार्य रहेको धारणा व्यक्त गर्नुभयो।

देश संकटमा परेका बेला काँग्रेसले नै निकास दिएको स्मरण गराउँदै मुख्यमन्त्री यादवले वर्तमान चुनौतीको समाधानका लागि पनि काँग्रेसको विकल्प नभएको दाबी गर्नुभयो।

चुनावी भाषणका क्रममा विकासका विषयमा बोल्दै उहाँले नेपाल कृषि प्रधान देश भएकाले मधेश प्रदेशमा कृषि क्षेत्रमा ठूलो विकास गरिने बताउनुभयो। दातृ संस्थासँग करिब ५० अर्ब रुपैयाँ सहयोगका लागि पहल भइरहेको जानकारी दिँदै नावगवामा कृषि, सिँचाइ तथा ओरिया नदीको तटबन्ध निर्माण गर्नुका साथै शिक्षा र स्वास्थ्य क्षेत्रलाई बलियो बनाइने प्रतिबद्धता जनाउनुभयो।



कार्यक्रमको क्रममा मुख्यमन्त्री यादवले मिर्जापुर, भलुवहिया क्षेत्रमा रहेको ओरिया खोला, छठ घाट तथा भलुवहियास्थित विद्यालयहरूको स्थलगत अनुगमन तथा निरीक्षण समेत गर्नुभएको थियो।

काँग्रेसका वडा अध्यक्ष पासपती गिरीको अध्यक्षतामा सम्पन्न भेटघाट कार्यक्रममा मधेश प्रदेशका वन तथा वातावरण मन्त्री शंकर चौधरी, नेपाली काँग्रेस पर्साका सह-सचिव नविन सिंह, वडा अध्यक्ष कामेश्वर यादव, पप्पु कुमार यादव, रुपेश उपाध्याय लगायत स्थानीय नेता तथा कार्यकर्ताहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।


**जनहितमा जारी सन्देश**

- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिबाट जोगिऔं।
- सडेगलेका तथा बासी खाना नखाऔं।
- घरवरिपरी तथा व्यक्तिगत सरसफाइमा ध्यान दिऔं।

**बहुदरमाई नगरपालिका**
बहुअरी पिडारी, पर्सा


तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ। - सुवर्ण गाउँपालिका, बारा